# सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, नियमावली र निर्देशिकाहरूको संग्रह

नेपाल सरकार
**स्वास्थ्य मन्त्रालय**
रामशाहपथ, काठमाडौं

# <u>सूर्तिजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>** : धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सूर्ति सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८" रहेको छ ।

(२) यो ऐनको दफा ९ प्रमाणीकरण भएको मितिले एक सय असीऔं दिन र अन्य दफाहरु एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सूर्तिजन्य पदार्थ" भन्नाले धूम्रपान वा सूर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ति, खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य सूर्तिजन्य पदार्थ सम्झनु पर्छ ।

(ख) "धूम्रपान" भन्नाले चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्छ ।

(ग) "सूर्ति सेवन" भन्नाले खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनु पर्छ ।

(घ) "सार्वजनिक स्थल" भन्नाले दफा ३ मा तोकिए बमोजिमको स्थल सम्झनु पर्छ ।

(ङ) "व्यवस्थापक" भन्नाले सार्वजनिक स्थलको काम

कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकारप्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक सवारीको हकमा त्यस्तो सवारीको चालक समेतलाई जनाउँछ ।

(च) "उत्पादक" भन्नाले सूर्तिजन्य पदार्थको उत्पादक सम्झनु पर्छ ।

(छ) "निरीक्षक" भन्नाले दफा १२ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा १९ बमोजिम गठित सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## सूर्तिजन्य पदार्थको नियन्त्रण

३. **सार्वजनिक स्थल मानिने** : (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछ :-

(क) राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(ग) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,

(घ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल,

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "कार्यस्थल" भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्छ ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज) होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथी गृह,

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

(२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्वेदनशीलतालाई विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ ।

४. **सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न नहुने** : (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, विमानस्थल वा पर्यटकीय स्तरको होटलको कुनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम धूम्रपान तथा सूर्ति सेवनको लागि छुट्याइएको ठाउँमा कायम गर्नु पर्ने आधारभूत कुराहरु तोकिए बमोजिम हुनेछन् ।

५. **सूचना टाँस गर्नु पर्ने** : व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा धूम्रपान तथा सूर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ ।

६. **घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न नहुने** : कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न हुदैन ।

## परिच्छेद-३
## सूर्तिजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण

७. **लेबुल, ट्रेडमार्क, ऱ्यापर्स तथा प्याकिङ्ग** : (१) उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा ऱ्यापर्समा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता गराइएको लेबुल तथा ट्रेडमार्क चिन्ह,

(ख) उत्पादकको नाम, ठेगाना र सूर्तिजन्य पदार्थमा रहेको निकोटिनको मात्रा,

(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरु ।

(२) उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा नाबालकलाई आकर्षण गर्ने कुनै किसिमको लोगो, चिन्ह, शब्द र चित्र राख्न पाउने छैन ।

(३) कसैले पनि अन्य उद्योग तथा उत्पादनको ब्राण्ड तथा ट्रेड नाम राखी सूर्तिजन्य पदार्थ उत्पादन गर्न पाउने छैन ।

(४) कुनै उद्योगले चुरोट, बिँडी वा सिगारको आकारमा कुनै पनि वस्तु उत्पादन गर्न पाउने छैन ।

८. **विवरण पेश गर्नु पर्ने** : (१) उत्पादकले सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्नु अघि त्यस्तो पदार्थमा भएको निकोटिनको मात्रा, हानिकारक तत्व लगायत अन्य आवश्यक कुराहरुको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) सूर्तिजन्य पदार्थको उत्पादन तथा निकासी पैठारी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफूले गरेको उत्पादन तथा निकासी पैठारीको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

९. **चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्ने** : (१) उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोके बमोजिम चेतावनीमूलक सन्देश र सूर्तिजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नु पर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह समय समयमा थप गर्न सक्नेछ ।

(३) आयातकर्ताले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको सूर्तिजन्य पदार्थ आयात गर्न पाउने छैन ।

१०. **विज्ञापन तथा प्रायोजन गर्न नपाइने** : उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई-मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

११. **बिक्री वितरण तथा प्रदर्शनमा बन्देज** : (१) कसैले पनि अठार वर्ष नपुगेका



व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सूर्तिजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन ।

(४) कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्नेछ ।

(५) कसैले पनि निःशुल्क रुपमा सूर्तिजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।

(६) नेपाल सरकारले चाहेमा सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न इजाजतपत्र लिनु पर्ने व्यवस्था गर्न सक्नेछ ।

(७) कसैले पनि सूर्तिजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन ।

## परिच्छेद-४

## निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरी

१२. **निरीक्षक सम्बन्धी व्यवस्था** : (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नेपाल सरकारले नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले वर्षभरिमा आफूद्वारा गरिएको कामको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. **निरीक्षण गर्न सक्ने** : (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गर्न सम्बन्धित उत्पादक वा व्यवस्थापकलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन तथा गराएको ध्यानाकर्षणको पालना गर्नु सम्बन्धित उत्पादक वा व्यवस्थापकको कर्तव्य हुनेछ।

१४. **व्यवस्थापकले निरीक्षण गर्नु पर्ने** : (१) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले धूम्रपान वा सूर्ति सेवन गरेको देखिएमा व्यवस्थापकले धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउनु पर्नेछ ।

(३) कुनै व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा सो स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारीले र सार्वजनिक सवारीका हकमा त्यस्तो सवारीका यात्रीले व्यवस्थापकलाई धूम्रपान वा सूर्ति सेवन गर्नबाट तुरुन्त रोक लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापकले धूम्रपान वा सूर्ति सेवन गरेमा सो थाहा पाउने वा देख्ने व्यक्तिले निरीक्षक समक्ष उजुरी गर्न सक्नेछ।

१५. **अनुसन्धान तथा तहकिकात** : व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।

१६. **मुद्दा दायर गर्ने** : (१) दफा १५ बमोजिम गरिएको अनुसन्धान तथा तहकिकातबाट उत्पादक वा व्यवस्थापक उपर मुद्दा चलाउनु पर्ने देखिएमा



निरीक्षकले त्यसरी अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पच्चीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा निरीक्षकले सम्बन्धित सरकारी वकीलको राय लिनु पर्नेछ ।

## परिच्छेद-५
## सजाय तथा पुनरावेदन

१७. **सजाय** : (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा व्यवस्थापकले देहाय बमोजिम सजाय गर्नु पर्नेछ :-

(क) धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैयाँ जरिवाना वा दुवै सजाय गर्नु पर्ने,

(ख) धूम्रपान वा सूर्ति सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीय कारबाही गर्नु पर्ने ।

(२) व्यवस्थापकले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजलाई कानून बमोजिम अधिकारप्राप्त अधिकारीले सचेत वा विभागीय कारबाही गर्नु पर्नेछ ।

(३) व्यवस्थापकले उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना बापत लिएको रकम राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम व्यवस्थापक वा अधिकारप्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) देहायको अवस्थामा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित व्यक्तिलाई देहाय बमोजिम सजाय गर्नु पर्नेछ :-

(क) दफा ५ बमोजिम सूचना टाँस नगरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना,

(ख) दफा ७, ८ र ९ बमोजिमको कुनै काम नगरेमा त्यस्तो

सूर्तिजन्य पदार्थ जफत गरी पचार हजार रुपैयाँसम्म जरिवाना,

(ग) दफा १० विपरीत कुनै काम गरेमा एक लाख रुपैयाँसम्म जरिवाना,

(घ) दफा ११ विपरीत कुनै काम गरेमा दश हजार रुपैयाँसम्म जरिवाना,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिएदेखि बाहेक यस ऐन विपरीत अन्य कुनै काम गरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना ।

१८. **पुनरावेदन** : दफा १७ को उपदफा (५) बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-६
## विविध

१९. **समितिको गठन** : (१) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धमा नीति निर्धारण गर्ने काम समेतको लागि देहाय बमोजिमका सदस्यहरु रहेको सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति गठन हुनेछ :-

(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - अध्यक्ष

(ख) निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र - उपाध्यक्ष

(ग) क्यान्सर, फोक्सो वा मुटु सम्बन्धी रोगको रोकथाम वा उपचारमा संलग्न सरकारी स्वास्थ्य संस्थाका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना - सदस्य

(घ) धूम्रपान तथा सूर्ति सेवनको नियन्त्रण गर्ने उद्देश्यले स्थापित गैर सरकारी संस्था तथा निजी क्षेत्रको स्वास्थ्य संस्थामा काम गरेका व्यक्तिहरुमध्येबाट एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेको दुईजना - सदस्य

(ङ) सामाजिक क्षेत्रमा काम गरेका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना - सदस्य



(च) कानून अधिकृत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएका आधारमा मनोनीत सदस्यलाई पदबाट हटाउन सकिनेछ ।

(४) समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिलाई आवश्यक लागेमा सम्बन्धित क्षेत्रका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२०. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा मन्त्रालय समक्ष सुझाव पेश गर्ने,

(ख) धूम्रपान तथा सूर्ति सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) धूम्रपान तथा सूर्ति सेवनको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वस्थ जीवन यापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निरीक्षकको काम कारबाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(च) सूर्तिजन्य पदार्थबाट स्वास्थ्यलाई हानि नोक्सानी पुऱ्याउने विषय पाठ्यपुस्तकमा समावेश गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने,

(छ) सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगमा न्यूनीकरणको लागि आवश्यक काम गर्ने,

(ज) सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री वितरण र उपभोगको नियन्त्रण गर्न तथा सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि आवश्यक स्रोत जुटाई परिचालन गर्ने,

(झ) तोकिए बमोजिमको काम गर्ने गराउने ।

२१. **<u>जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्ने</u>** : (१) मुद्दा हेर्ने अधिकारीले यस ऐन बमोजिम जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्नेछ ।

(२) मुद्दा हेर्ने अधिकारीले उपदफा (१) बमोजिम सूर्तिजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ ।

२२. **<u>स्वास्थ्य कर कोष</u>** : (१) नेपाल सरकारले धूम्रपान तथा सूर्तिजन्य पदार्थको नियन्त्रण तथा यसको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि स्वास्थ्य कर कोषको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा नेपाल सरकारले वार्षिक रुपमा विनियोजन गरेको रकमको अतिरिक्त तोकिए बमोजिमको रकम जम्मा गरिनेछ।

(३) उपदफा (२) बमोजिम विनियोजित रकम अघिल्लो आर्थिक वर्षमा विनियोजन गरिएको रकमभन्दा कम हुने छैन ।

(४) यस दफा बमोजिमको कोषमा जम्मा भएको रकम तोकिए बमोजिम खर्च गरिनेछ ।

२३. **<u>सरकारवादी हुने</u>** : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी हुनेछ ।

२४. **<u>संक्षिप्त कार्यविधि अपनाउनु पर्ने</u>** : यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

२५. **<u>मुद्दा हेर्ने अधिकारी</u>** : यस ऐन अन्तर्गतको मुद्दाको शुरु कारबाही र किनारा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले गर्नेछ ।

२६. **<u>सहयोग गर्नु पर्ने</u>** : यस ऐन बमोजिमको कुनै काम कारबाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ । त्यसरी सहयोग माग भएमा आवश्यक सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

२७. **<u>नियम बनाउने अधिकार</u>** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।



# <u>सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८</u>

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम "सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ सम्झनु पर्छ।

३. **<u>धुम्रपान तथा सूर्ति सेवन गर्ने ठाउँमा कायम गर्नु पर्ने कुराहरु</u>** : (१) पर्यटकीय स्तरको होटलको व्यवस्थापकले मानिसको आवत जावत कम हुने र धुम्रपान तथा सूर्ति सेवन नगर्ने व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी होटल बाहिरको कुनै एक ठाउँ धुम्रपान तथा सूर्ति सेवन गर्ने प्रयोजनका लागि तोक्न सक्नेछ ।

तर, त्यसरी तोकिएको ठाउँ होटलको झ्याल तथा होटलमा प्रवेश गर्ने ढोका भन्दा टाढा हुनु पर्नेछ र त्यस्तो ठाउँमा धुम्रपान गर्दा उत्सर्जन हुने धुँवा र गन्ध होटलभित्र नपस्ने व्यवस्था गर्नु पर्नेछ ।

<u>स्पष्टीकरण</u> : यस नियमको प्रयोजनको लागि "पर्यटकीय स्तरको होटल" भन्नाले पर्यटन ऐन, २०३५ बमोजिम दर्ता भएको होटल सम्झनु पर्छ ।

(२) व्यवस्थापकले ऐनको दफा ४ को उपदफा (३) बमोजिम कारागार र विमानस्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न छुट्याईएको ठाउँमा कायम गर्नु पर्ने आधारभूत कुराहरु देहाय बमोजिम हुनेछ :-

(क) आफैं बन्द हुने ढोकाको व्यवस्था गरी धुम्रपान तथा सूर्ति सेवन गर्न कोठा निर्माण गर्नु पर्ने,

(ख) धुम्रपानबाट उत्सर्जन हुने धुँवा कोठाबाट सिधै बाहिर जाने व्यवस्था गर्ने,

(ग) एकपटकमा सकभर एकभन्दा बढी व्यक्तिले धुम्रपान तथा सूर्ति सेवन गर्न नमिल्ने गरी कोठाको व्यवस्था गर्ने ।

(३) पर्यटकीय स्तरको होटलले स्थान अभावको कारण उपनियम (१) बमोजिम धुम्रपान तथा सूर्ति सेवनको लागि छुट्टै ठाउँको व्यवस्था गर्न नसकेमा उपनियम (२) बमोजिमको व्यवस्था गरी कुनै खास ठाउँमा धुम्रपान तथा सूर्ति सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम धुम्रपान तथा सूर्ति सेवन गर्न तोकिएको ठाउँ र बनाईएको कोठामा कुर्सी, टेवल लगायतका कुनै फर्निचर राख्न पाईने छैन ।

(५) व्यवस्थापकले उपनियम (१) र (२) बमोजिम धुम्रपान तथा सूर्ति सेवन गर्न तोकिएको ठाउँ र बनाईएको कोठामा धुम्रपान तथा सूर्ति सेवन स्वास्थ्यको लागि हानिकारक छ भन्ने व्यहोराको सूचना सजिलै देख्न र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ ।

**<u>सूचना टाँस गर्ने कार्यविधि</u>** : (१) व्यवस्थापकले अफूसँग सम्बन्धित सार्वजनिक स्थलको विभिन्न ठाउँमा धुम्रपान तथा सूर्तिसेवन गर्न नपाउने व्यहोराको देहायको आकारको सूचना टाँस गर्नु पर्नेछ :-

(क) भवनको मुख्य प्रवेशद्वारमा कम्तीमा तीस सेन्टिमिटर लम्बाई र बीस सेन्टिमिटर चौडाईको सूचना,

(ख) भवनको भित्र द्वारमा कम्तीमा बीस सेन्टिमिटर लम्बाई र पन्ध्र सेन्टिमिटर चौडाईको सूचना ।

(२) उपनियम (१) बमोजिम टाँसिने सूचनामा धुम्रपान तथा सूर्ति सेवन गर्न छुट्याईएको वा तोकिएको ठाउँ बाहेक अन्यत्र धुम्रपान तथा सूर्ति सेवन गरेमा ऐन बमोजिम सजाय हुने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

**<u>प्याकेट तथा र्‍यापर्समा उल्लेख गर्नु पर्ने कुरा</u>** : उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा ऐनको दफा ७ को उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लिखित कुराहरुको अतिरिक्त सूर्तिजन्य पदार्थमा समावेश गरिएका नाईट्रोसोमाईन, बेन्जोपाईरिन, टार, कार्वनमोनोअक्साईड लगायतका रासायनिक तत्वहरु हुने कुरा उल्लेख गर्नु पर्नेछ ।

**<u>प्याकेट तथा र्‍यापर्समा उल्लेख गर्न नहुने कुरा</u>** : उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा ऐनको दफा ७ को उपदफा (२), (३) र (४) मा उल्लिखित कुराहरुको अतिरिक्त देहायका कुराहरु अंकित, लेवलिङ्ग र प्रयोग गर्नु हुदैन :-

(क) सूर्तिजन्य पदार्थको विज्ञापन गर्ने वा प्रवर्द्धन हुने गरी लेबुल वा ट्रेडमार्क चिन्ह अंकित गर्न,

(ख) सूर्तिजन्य पदार्थको प्याकेट वा र्‍यापर्समा उल्लिखित चेतावनीमूलक सन्देश, संकेत, चिन्ह वा चित्रको अपभ्रंस हुने, बिग्रने र छोपिने गरी सूर्तिजन्य पदार्थहरु प्याकेजिङ्ग र लेबलिङ्ग गर्न,



(ग) असत्य, भ्रामक वा कपटपूर्ण सन्देश दिने गरी चित्र वा चिन्ह प्रयोग गर्न ।

७ **<u>प्याकेट वा बट्टाको आकार</u>** : उत्पादकले कम्तीमा बीस खिल्ली अटाउने गरी चुरोट वा बिंडीको प्याकेट वा बट्टा तयार गर्नु पर्नेछ ।

८ **<u>विवरण पेश गर्नु पर्ने</u>** : (१) उत्पादकले ऐनको दफा ८ को उपदफा (१) मा उल्लिखित विवरणको अतिरिक्त सूर्तिजन्य पदार्थ सम्बन्धी देहाय बमोजिमका विवरण मन्त्रालय समक्ष प्रत्येक वर्षको श्रावण मसान्तभित्र पेश गर्नु पर्नेछ :-

(क) टार र कार्बनमोनोअक्साईडको विवरण,

(ख) नाईट्रोसोमाईन, बेन्जोफाईरिनको विवरण,

(ग) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,

(घ) मूल्य र ब्याच नम्बर,

(ङ) उत्पादन र उपभोगको म्याद सकिने मिति ।

(२) सूर्तिजन्य पदार्थको उत्पादक तथा निकासी र पैठारी गर्ने व्यक्तिले ऐनको दफा ८ को उपदफा (२) बमोजिम आफूले निकासी तथा पैठारी गरेका सूर्तिजन्य पदार्थको देहाय बमोजिमको विवरण प्रत्येक वर्षको श्रावण मसान्त भित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ :-

(क) उत्पादन गरेको परिमाण र उत्पादित स्थान,

(ख) निकासी गरेको परिमाण र निकासी स्थान,

(ग) पैठारी गरेको परिमाण र पैठारी स्थान,

(घ) राजस्व बुझाएको विवरण ।

९ **<u>चेतावनीमूलक सन्देश र संकेत चिन्ह थप वा परिवर्तन गर्ने कार्यविधि</u>** : (१) मन्त्रालयले ऐनको दफा ९ बमोजिम तोकिएका चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह एक वर्षभित्र थप गर्न सक्नेछ ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम थप वा परिवर्तन गरेका चेतावनीमूलक सन्देश र सङ्केत चिन्ह उद्योग मन्त्रालय मार्फत उत्पादकलाई उपलब्ध गराई सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट र पार्सलमा छाप्न तथा अङ्कित गर्न लगाउनु पर्नेछ ।

१० **<u>प्रमाण माग गर्न सक्ने</u>** : निरीक्षक वा सूर्तिजन्य पदार्थको बिक्रेताले क्रेताको उमेर यकीन गर्नका लागि निजको नागरिकताको प्रमाणपत्र, जन्मदर्ता प्रमाणपत्र, राहदानी, सवारी चालक अनुमतिपात्र, मतदाता परिचयपत्र वा राष्ट्रिय परिचयपत्र जस्ता उमेर खुल्ने प्रमाण माग गर्न सक्नेछ ।

**११. सूचना पाटी राख्नु पर्ने** : (१) बिक्रेताले आफ्नो बिक्री कक्षको प्रवेशद्वारमा सजिलै देख्न र पढ्न सक्ने गरी देहाय बमोजिमको विवरण खुलाईएको सूचना पाटी राख्नु पर्नेछ :-

(क) अठार वर्ष उमेर नपुगेका व्यक्तिलाई सूर्तिजन्य पदार्थ नबेचिने र बेच्न नलगाईने,

(ख) गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ नबेचिने र बेच्न नलगाईने ।

(२) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको विभिन्न ठाउँमा धुम्रपान तथा सूर्ति सेवन निषेधित क्षेत्र उल्लेख भएको सूचना टाँस्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको सूचना कम्तीमा तीस सेन्टिमिटर लम्बाई र बीस सेन्टिमिटर चौडाईको हुनु पर्नेछ ।

**१२. सार्वजनिक स्थलमा लाईटर, सलाई राख्न नहुने** : व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवनको लागि प्रयोग हुने एष्ट्रे, लाईटर, सलाई लगायतका सामग्री राख्न हुँदैन ।

**१३. शर्त राखी बिक्री वितरण गर्न नहुने** : कुनै वस्तु खरिद गरेमा सूर्तिजन्य पदार्थ सित्तैमा वा उपहार स्वरुप पाउने शर्त राखी कसैले पनि कुनै वस्तु बिक्री वितरण गर्न वा गराउन हुदैन ।

**१४. निषेधित ठाउँमा सूर्तिजन्य पदार्थको बिक्री वितरण तथा सेवन गरेको जानकारी दिने** : कसैले ऐनको दफा ११ को उपदफा (३) बमोजिम तोकिएका निषेधित ठाउँमा सूर्तिजन्य पदार्थ बिक्री वितरण वा सूर्ति सेवन गरेको देखेमा सम्बन्धित कर्मचारी वा व्यक्तिले त्यस्तो कार्यमा तुरुन्त रोक लगाई सोको जानकारी व्यवस्थापकलाई दिनु पर्नेछ ।

**१५. निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार** : ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उत्पादकलाई सूर्तिजन्य पदार्थको प्याकेट, बट्टा, न्यापर्स र प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र संकेत चिन्ह अनिवार्य रुपमा छाप्न तथा अंकित गर्न लगाई सोको अनुगमन गर्ने,

(ख) सूर्तिजन्य पदार्थ उत्पादन, सञ्चय र बिक्री वितरण हुने स्थानबाट सूर्तिजन्य पदार्थको नमूना लिने,



(ग) ऐन वा यस नियमावली विपरीत सूर्तिजन्य पदार्थको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी भएको पाइएमा त्यस्तो कार्यमा तुरुन्त रोक लगाउने,

(घ) सूर्तिजन्य पदार्थ नमूना परीक्षणको लागि सम्बन्धित निकायमा पठाउने,

(ङ) सार्वजनिक स्थलमा धुम्रपान वा सूर्तिजन्य पदार्थ सेवन गर्ने व्यक्तिलाई सजायको लागि सम्बन्धित व्यवस्थापकलाई निर्देशन दिने,

(च) ऐन तथा यस नियमावलीले तोकेको मापदण्ड पूरा नभएको सूर्तिजन्य पदार्थ बिक्री वितरण वा निकासी पैठारी भएको पाइएमा त्यस्तो कार्यमा तुरुन्त रोक लगाई सम्बन्धित उत्पादक वा बिक्रेतालाई ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड पूरा गरेका सूर्तिजन्य पदार्थ मात्र बिक्री वितरणवा निकासी पैठारी गर्न निर्देशन दिने,

(छ) निरीक्षणको सिलसिलामा आफ्नो नेतृत्वमा कुनै निकाय वा संस्थाका कर्मचारीलाई संलग्न गराउने,

(ज) निरीक्षणको सिलसिलामा आवश्यकता अनुसार सरकारी कार्यालय, संघ, संस्था वा स्थानीय निकायका कर्मचारी वा पदाधिकारीको सहयोग लिने ।

**१६. मनोनीत सदस्यलाई हटाउने अवस्था** : (१) देहायको अवस्थामा समितिका मनोनीत सदस्यलाई हटाउन सकिनेछ :-

(क) निज विना सूचना लगाचार तीन भन्दा बढी बैठकमा अनुपस्थित रहेमा,

(ख) निजले ईमान्दारीतापूर्वक आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ग) निजमा कार्य क्षमताको अभाव भएमा,

(घ) निजले सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गरेको पाईएमा,

(ङ) निज सूर्तिजन्य पदार्थको उत्पादन, निकासी, पैठारी र बिक्री वितरण सम्बन्धी क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको पाईएमा ।

(२) उपनियम (१) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिव मौका दिईनेछ ।

१७. **समितिको अन्य काम, कर्तव्य र अधिकार** : ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कृषकलाई सूर्ति खेती प्रतिस्थापन गरी अन्य खेती गर्ने तर्फ प्रोत्साहित गर्ने नीति निर्धारण गर्न नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(ख) सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा सम्बन्धित निकायसंग समन्वय र परामर्श गर्ने,

(ग) स्वास्थ्य कर कोषमा जम्मा भएको रकमको व्यवस्थापन तथा सञ्चालन गर्ने, गराउने,

(घ) समितिको काम कारबाही सुचारु रुपले सञ्चालन गर्न आवश्यकतानुसार उपसमिति गठन गर्ने,

(ङ) ऐन तथा यस नियमावलीमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने, गराउने ।

१८. **स्वास्थ्यकर कोषमा रकम जम्मा गरिने** : नेपाल सरकारले आर्थिक ऐनद्वारा लगाएको धुम्रपान तथा सूर्तिजन्य पदार्थको अन्तःशुल्क करबाट उठेको कुल रकमको कम्तीमा पच्चीस प्रतिशत रकम स्वास्थ्य कर कोषमा जम्मा गरिनेछ।

१९. **स्वास्थ्यकर कोषको रकम खर्च** : (१) स्वास्थ्यकर कोषमा जम्मा भएको रकम देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछ :-

(क) धुम्रपान तथा सूर्तिको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण, निदान, उपचार तथा अनुसन्धान गर्न,

(ख) धुम्रपान तथा सूर्तिजन्य पदार्थको नियन्त्रणको लागि स्वास्थ्य शिक्षा, जनचेतनामूलक र सेवामूलक कार्यक्रम सञ्चालन गर्न,

(ग) समितिको सञ्चालन खर्च ।

(२) उपनियम (१) बमोजिमका कार्य गर्नको लागि स्वास्थ्यकर कोषको रकमलाई देहाय बमोजिम बाँडफाँड गरिनेछ :-

(क) धुम्रपान तथा सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको निदान, उपचार तथा अनुसन्धान गर्नको लागि सरकारी स्वामित्वका अस्पतालहरुलाई पचहत्तर प्रतिशत रकम,



(ख) धुम्रपान तथा सूर्तिजन्य पदार्थको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य, शिक्षा, जनचेतनामूलक र सेवामूलक कार्यक्रम संचालन गर्न मन्त्रालय अन्तर्गतका केन्द्र वा महाशाखाहरुलाई पन्ध्र प्रतिशत रकम,

(ग) धुम्रपान तथा सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि सामाजिक संस्था वा गैरसरकारी अस्पताललाई दश प्रतिशत रकम ।

(३) उपनियम (२) को खण्ड (ख) मा उल्लिखित रकम मध्येबाट ०.५ (शून्य दशमलव पाँच) प्रतिशत रकममा नबढाई समितिले तोके बमोजिमको रकम समितिको प्रशासनिक कार्यको लागि खर्च गर्न सकिनेछ।

२०. **स्वास्थ्यकर कोषको व्यवस्थापन र सञ्चालन** : (१) स्वास्थ्य कर कोषमा जम्मा भएको रकम समितिले तोकेको नेपाल भित्रको "क" वर्गको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाताको सञ्चालन समितिको सदस्य सचिव र लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

२१. **लेखा परीक्षण** : स्वास्थ्यकर कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

२२. **अधिकार प्रत्यायोजन** : समितिले ऐन वा यस नियमावली बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य, यस नियमावली बमोजिम गठित उप समिति वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **निर्देशिका बनाउन सक्ने** : मन्त्रालयले ऐन तथा यस नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

२४. **खारेजी र बचाउ** : (१) स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१ खारेज गरिएको छ ।

(२) स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।